नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय


जल तथा मौसम विज्ञान विभाग

# विशेष मौसम बुलेटिन-३: यास चक्रवात

(Special Weather Bulletin-3: YAAS Cyclonic Storm)


(जारी मितिः २०७८/०२/१० दिउँसो ०३:०० बजे)

पूर्वीमध्य बंगालको खाडीमा रहेको न्यून-चापीय प्रणाली हाल चक्रवात (Cyclonic Storm) यास् (YAAS) मा परिणत भैसकेको छ। यो चक्रवात उत्तर-उत्तरपश्चिम सर्ने क्रममा भोलि मंगलबार (जेठ ११) गते धेरै शक्तिशाली चक्रवात (Severe Cyclonic Storm) मा परिणत हुने र बुधबार (जेठ १२) गते सम्ममा अति धेरै शक्तिशाली चक्रवात (Very Severe Cyclonic Storm) मा परिणत हुने देखिन्छ। उक्त चक्रवातको केही असर आउँदा केही दिनमा नेपालको भूभागमा समेत पर्ने सम्भावना रहेकोले सबैलाई मौसम सजग रहन अनुरोध छ।



तस्वीर स्रोत : Himawari

चक्रवात यास (Cyclone YAAS) उत्तरउत्तरपश्चिम दिशा तर्फ जाने अनुमान रहेको छ।




(तस्वीर स्रोत: RSMC,IMD )

सो प्रणालीका कारण मंगलबार (११ गते) अपरान्ह पछि देशका धेरै स्थानहरूमा सामान्य देखी पूर्ण बदलीको भई बागमती प्रदेश र प्रदेश १ का उच्च हिमाली/पहाडी भूभागका केहि स्थानहरुमा हल्का देखि मध्यम हिमपात/वर्षाको सम्भावना रहेको छ। तसर्थ उच्च हिमाली भूभागमा हावाहुरी समेत हुनसक्ने सम्भावना रहेकोले मंगलबार देखि केहि दिनसम्मका लागी पर्वतारोहिहरूलाई मौसम अनुसार सतर्कता अपनाई सुरक्षित रहन अनुरोध छ।

देशका धेरै स्थानहरुमा बुधबार (१२ गते) बाट केहि दिन हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साथै प्रदेश १, प्रदेश २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानहरूमा भारी वर्षा र बिहिबार (१३ गते) कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश को एक-दुई स्थानमा समेत भारी वर्षाको समेत सम्भावना रहेको छ। उच्च हिमाली भू-भागहरू हिमपात र वर्षाको सम्भावना रहेकोले पर्वतारोहिहरूलाई सतर्क रहन हुन अनुरोध छ।

यो सिजनमा मेघगर्जन / चट्याङ /हावाहुरी र असिना-पानीको समेत सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ।

मौसम पूर्वानुमान महाशाखाले यस प्रणालीलाई निरन्तर अनुगमन गरिरहेको छ र सोही अनुसार नियमित रूपमा अद्यावधिक गर्दै जानेछ। तसर्थ सम्पूर्णलाई अद्यावधिक मौसमी सुचनाको जानकारी लिन हुन अनुरोध छ। गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिन सम्मको मौसमको अवस्थाका लागि तल दिईएको लिंकमा हेर्नुहोला।

http://www.mfd.gov.np/nwp/#/nwp/Precipitation

http://www.mfd.gov.np/nwp/#/nwp/Wind

मौसम सम्बन्धि थप जानकारीका लागि सम्पर्क राख्नुहोलाः
मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौ
फोनः ०१-४४८६८६९, ०१-४११३१९१
नोटिस बोर्डः १६१८-०७०७-३३३३
Facebook: www.facebook.com/dhmweather
Twitter: www.twitter.com/dhm_weather